**नेपाली / *NEPALI***

**बाट:** रणनीतिक दूरदर्शन समितिका (*Strategic Visioning*) संयुक्त अध्यक्षहरू

**विषय:** *UW–Madison* को आगामी रणनीतिक रूपरेखा सूचित गर्ने शुरूवाती अवधारणाहरू प्रति प्रतिक्रिया प्रदान गर्नुहोस्

यस ईमेल सबै विद्यार्थी, संकाय, शैक्षिक कर्मचारी र युनिभर्सिटी कर्मचारीहरूलाई पठाइँदैछ।

आदरणीय सहकर्मी,

*UW–Madison* को रणनीतिक दूरदर्शन (*Strategic Visioning*) प्रतिक्रिया सर्वेक्षणमा स्वागत छ। तपाईंको सहभागिताले अर्को रणनीतिक रूपरेखाको लागि दूरदर्शन समितिले कुलपतिलाई दिने सिफारिसहरू बनाउन सहयोग गर्नेछ।

- यस सर्वेक्षण पूरा गर्न १५-३० मिनेट जति लाग्नेछ।
- तपाईंले सर्वेक्षण बुझाउनु अघि रोक्नुभएर फिर्ता आउनुभएर पूरा गर्न सक्नुहुन्छ।
- तपाईंले सर्वेक्षणलाई कामको समयमा तलब पाउने अवस्थामा पूरा गर्न सक्नुहुन्छ; तर, आफ्नो कामको समय बाहिर सर्वेक्षण पूरा गर्नुहुँदा तपाईंले तलब पाउनुहुँदैन।
- यस सर्वेक्षण अङ्ग्रेजी, स्पैनिश, मङ, तिब्बती, चिनियाँ र नेपाली भाषाहरूमा उपलब्ध छन्।
- तपाईंका प्रतिक्रिया गोप्य छन्। हामी सबैजनाको प्रतिक्रिया जम्मा गर्नेछौं र तपाईंलाई पहिचान गर्न सक्ने प्रतिक्रिया साझा गर्नेछैनौं। तपाईंको गोपनीयता जोगाउन यस सर्वेक्षणको प्रशासन *UW Survey Center* ले गर्दैछ।

## शुरूवाती अवधारणाहरू र सिफारिशहरूको विकास

तपाईंलाई थाहा छँदै छ होला, कुलपति Mnookin ले हालसालै ३१ जना संकाय, कर्मचारी, विद्यार्थी र पूर्व छात्रहरूको एक दूरदर्शन समिति बोलाउनुभएको थियो जसलाई विश्वविद्यालयको अर्को रणनीतिक रूपरेखाको लागि शुरूवाती अवधारणाहरू बनाउने र सिफारिसहरू विकास गर्ने जिम्मेवारी दिइएको थियो। उच्च शिक्षा र *UW–Madison* को लागि अनिश्चितताको यो क्षणको बावजुद, हामीले यस क्षणको आवश्यकतालाई प्रतिक्रिया दिन जारी राखेतापनि, हाम्रो उद्देश्यको महत्त्वमा हाम्रो गहिरो विश्वासको मतलब यो हो कि हामीले हाम्रो भविष्यको लागि रणनीतिक रूपमा योजना बनाउनु महत्त्वपूर्ण छ।

दूरदर्शन समितिका सह अध्यक्षहरूको रूपमा, गएका केही महिनाहरूमा यस समितिले बनाएका शुरूवाती अवधारणा प्रति तपाईंको प्रतिक्रियाको मान्यता हामी उच्च स्तरमा राख्दछौं।

**विभिन्न भाषाहरूमा सर्वेक्षण शुरू गर्नका लागि, कृपया यस सन्देशको अङ्ग्रेजी संस्करणमा जानुभएर आफ्नो रोजाइको भाषाको लिङ्कमा थिच्नुहोला।**

हामी २०२५ सालको वसन्त सेमेस्टरमा सर्वेक्षणको विश्लेषण गर्नेछौं र *UW–Madison* का नेतृत्वसँग नतिजाहरू साझा गर्नेछौं।

**थप जानकारी र प्रश्नहरूका लागि**

दूरदर्शन समितिका शुरूवाती अवधारणाहरूको थप जानकारीका लागि strategicvision.wisc.edu मा ईमेल पठाउनुहोला। यस सर्वेक्षणका प्राविधिक प्रश्नहरूका लागि कृपया *UW Survey Center* का वरिष्ठ परियोजना निर्देशक Jaime Faus लाई jfaus@ssc.wisc.edu मार्फत ईमेल पठाउनुहोला।

तपाईंको सहभागिता र *UW–Madison* प्रतिको निरन्तर समर्पणका लागि धन्यवाद।

*On Wisconsin*!

Charles Isbell, Jr.
प्रोभोस्ट र शैक्षिक मामिलाका उपकुलपति

Lauren Papp
अनुसन्धानका डिन, *School of Human Ecology (SOHE)*